

# विश्व

## मतदान

तुर्केली जनताले राष्ट्रपति तायिप एर्दोगानलाई दोस्रो कार्यकाल दिने निर्णयका लागि मतदान गरिरहेका छन्।



## विस्फोट

जाम्वियाका राष्ट्रपति इम्मर्सन नान्गाग्वालाई लक्षित गरी भएको बम विस्फोटपछि घाइतेलाई उद्धार गरिँदै।



2018, JUN
Monday
25

### विश्व २ मिनेट

**इराक**

## ४५ लडाकू मारिए

बग्दाद, (एजेन्सी)

इराकले कट्टरपन्थी संगठन इस्लामिक स्टेट (आईएस) का ४५ लडाकू मारेको दाबी गरेको छ। पूर्वी सिरियामा गरिएको हवाई हमलामा आईएसका केही वरिष्ठ नेता पनि मारिएको इराकले जनाएको छ। हजिन इलाकास्थित खौँचमा आईएसको बैठक भइरहेका बेला ३ घरलाई निसाना बनाइएको इराकी सेनाको स्रोतले जनाएको छ। फरात घाटी उक्त इलाका सिरियामा आईएसको नियन्त्रणमा रहेका केही हिस्सामध्येमा पर्छ। मारिनेमा आईएसका उपयुद्धमन्त्री, एक मिडिया प्रमुख, प्रहरी प्रमुख र संगठनका नेता अबु बकर अल बगदादीका निजी सन्देशवाहक परेको जनाइएको छ।

**जिम्बाबे**

## चुनाव नरोकिने

हरारे, (एजेन्सी)

जिम्बाबेका राष्ट्रपति इम्मर्सन नान्गाग्वाले आफ्नो ज्यान लिने उद्देश्यले शनिबार सांघातिक बम आक्रमण गरिए तापनि ३० जुलाईमा निर्धारित चुनाव नरोकिने बताएका छन्। बुलावायो शहरमा आयोजित एक चुनावी ज्यालीलाई लक्षित गरी भएको आक्रमणमा ४१ जना व्यक्ति घाइते भएका थिए। नान्गाग्वाले मञ्च छोड्नै लागेका बेला सो विस्फोट भएको थियो। सरकारी अधिकारीहरुले सुरक्षा व्यवस्थाको पुनरावलोकन गरिने बताएका छन्। रोवर्ट मुगावे सत्ताबाट बाहिरिएपछि हुन लागेको यो पहिलो चुनाव शान्तिपूर्ण तरिकाले सम्पन्न हुने प्रतिबद्धता नान्गाग्वाले व्यक्त गरेका छन्।

**जर्मनी**

## भवनमा विस्फोट

बर्लिन, (एजेन्सी)

जर्मन प्रहरीले बुप्परताल शहरमा भएको एउटा अग्लो भवनमा विस्फोटन हुँदा २५ जना घाइते भएको प्रहरीले जनाएको छ। घाइतेमध्ये २ जनाको स्थिति चिन्ताजनक रहेको बुझिएको छ। शनिबार मध्यरात नाघेको केही समयपछि भएको शक्तिशाली विस्फोटमा भवन नराम्ररी क्षतिग्रस्त हुनाको साथै आगलागी पनि भएको अग्नि नियन्त्रण सेवाले जनाएको छ। विस्फोटनको कारणबारे अनुसनधान शुरू गरिएको छ। अग्निनियन्त्रकहरु भने अझै आगो निभाउने प्रयासमा रहेका बताइएको छ। विस्फोटको कारण ठूलो खाल्डो परेको छ भने भवन ढल्ने अवस्थामा छ।

**अमेरिका**

## मध्यपूर्व शान्ति योजना

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका ज्वाइँ तथा वरिष्ठ सल्लाहकारले एक अन्तरवार्तामा ट्रम्प प्रशासनले छिट्टै उसको इजरायल-प्यालेस्टाइन शान्ति योजना प्रस्तुत गर्ने बताएका छन्। उक्त शान्ति योजना प्यालेस्टिनी राष्ट्रपति महमद अब्बास भए पनि नभए पनि आउने उनले बताए। अरेबिक भाषामा छापिने अल क्वुडस अखबारमा प्रकाशित उक्त अन्तरवार्तामा कुस्नरले प्यालेस्टिनी जनतालाई प्रत्यक्ष अपिल गर्दै अब्बासको आलोचना गरे। अब्बासले ट्रम्पलाई इजरायलको पक्षपाती भएको आरोप लगाएका थिए। विशेष गरी जेरुसलमलाई लिएर ट्रम्पको नीतिको उनले कडा आलोचना गरेका थिए।


नेपाल सरकार

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

सिंहदरवार, काठमाडौं

**विभिन्न पदकहरु आपूर्ति गर्ने सम्बन्धी बोलपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०७५/०३/११)

यस मन्त्रालयबाट राष्ट्रिय शिक्षा दिवस, २०७५ को अवसरमा मिति २०७५।५।२३ मा वितरण गर्नुपर्ने विभिन्न पदकहरु निर्माण गरी आपूर्ति गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको सर्तहरुको अधिनमा रही रीतपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समयसम्ममा फर्म/संस्था/कम्पनीको लिखित निवेदन (फर्म दर्ता, भ्याट/प्यान दर्ता र आ.व. २०७३/७४ को कर चुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न गरी) पेश गरी यस मन्त्रालयबाट तपसिल बमोजिमको दस्तुर बुझाई खरिद गर्न सकिने छ ।

| बोलपत्र/ ठेक्का नं. | पदकको विवरण | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|---|
| 1/075-76/ MOEST | बिभिन्न पदकहरु (निर्माण गर्नुपर्ने पदकका डिजाइन, स्पेसिफिकेशन र संख्या बोलपत्र फारामसाथ संलग्न गरिएको छ) | रु. ३,०००।- | ९८,०००।- | सिलबन्दी दर्ता । |

२. बोलपत्र जमानत वापत बोलपत्र दाताले रु. ९८,०००।- (अक्षरेपी अन्ठानब्बे हजार रुपैयाँ मात्र) रकम बराबरको यस मन्त्रालयको नाममा जारी भएको बिडबण्ड वा को.ले.नि.का. काठमाडौं भुक्तानी केन्द्र नं. ४ सिंहदरबारको एभरेष्ट बैंक लि. को धरौटी खाता नं. १३५००१ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनु पर्नेछ । विडवण्डको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले १२० दिन सम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनुपर्नेछ । बोलपत्रको मान्य अवधि ९० (नब्बे) दिन हुनेछ ।

३. बोलपत्र फाराम सिलबन्दी गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२.०० बजे भित्र यस मन्त्रालयको आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखामा दर्ता गराई सक्नुपर्नेछ ।

४. दर्ता हुन आएका बोलपत्र फारामहरु प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १.०० बजे मन्त्रालयको आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखामा उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर कम्पनी/फर्मको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खोल्न सहभागी हुन चाहने फर्म/कम्पनीका प्रतिनिधिलाई आधिकारिक पत्र सहित आफ्नो पहिचान खुल्ने परिचयपत्र अनिवार्य रूपमा लिई आउनुहुन अनुरोध गरिएको छ । अन्यथा बोलपत्र खोल्ने स्थानमा प्रवेश दिइने छैन । बोलपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन एवम् बोलपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा ती कार्यहरु भोलि पल्ट कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ ।

५. बोलपत्रदाताको कानुनी ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले सिलबन्दी बोलपत्र साथ देहायका कागजात र नमूना पदकहरु पेश गर्नुपर्नेछ :
(क) फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ख) मूल्य अभिवृद्धि कर र पान दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ग) बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति (घ) आ.व.२०७३।७४ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा कर विवरण पेश गरेको प्रमाण (ङ) तोकिएको डिजाइन र स्पेशिफिकेशन अनुसारको तयारी नमूना पदक एक/एक थान (च) फर्म/कम्पनीले आधिकारिक रूपमा प्रतिनिधि नियुक्त गरेको सक्कलै पत्र ।

६. बोलपत्र फाराम बुझाउँदा सिलवन्दी गरी खामको बाहिर शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको "विभिन्न पदकहरु आपूर्ति गर्ने सम्बन्धी बोलपत्र २०७५" भनी स्पष्टसंग उल्लेख गर्नु पर्नेछ ।

७. निर्माण गरी आपूर्ति गर्नुपर्ने पदकहरुको वास्तविक संख्या २०७५ भाद्र ५ गते मात्र उपलब्ध गराइनेछ। २०७५ भाद्र १८ गते भित्र उक्त संख्याका पदकहरु निर्माण गरी मन्त्रालयमा अनिवार्य रुपमा आपूर्ति गरी सक्नुपर्नेछ। आपूर्ति गर्नुपर्ने म्याद थप हुने छैन ।

८. आपूर्ति भएका पदकहरु मध्ये प्रत्येकबाट एक/एक थान पदक Random Sampling का आधारमा छनौट गरी गुणस्तर परीक्षणको लागि सम्बन्धित निकायमा पठाइनेछ । गुणस्तर परीक्षणबाट प्राप्त नतिजा मन्त्रालयको स्पेसिफिकेशन अनुरुपको भएमा मात्र पदकहरुको भुक्तानी गर्न यस मन्त्रालयले स्वीकार गर्नेछ ।

९. यसै सूचनाको बुँदा नं. ५ बमोजिमका कागजात एवं नमूना पदकहरु संलग्न नभएको, विभिन्न सर्तहरु उल्लेख गरेको, बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु पूर्ण रूपमा उल्लेख नगरेको र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको बोलपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहने छ ।

११. माथि उल्लेखित सर्तहरु बाहेक अन्य कुराहरु बोलपत्र फाराममा उल्लेखित सर्त एवं प्रचलित कानुन अनुसार हुनेछ ।

१२. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समय भित्र मन्त्रालयको आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखामा सम्पर्क राख्न सकिनेछ ।


# पाकिस्तानी तालिवानमा नयाँ नेता नुर वली महसुद नियुक्त

## फजुल्लाह मारिएको पुष्टि





इस्लामावाद (एजेन्सी)

पाकिस्तानको प्रतिबन्धित कट्टरपन्थी संगठन तहरिक ए तालिवान पाकिस्तानले आफ्ना नेता मुल्ला फजुल्लाहको अमेरिकी हवाइ आक्रमणमा मृत्यु भएको पुष्टि गर्दै उनको स्थानमा नयाँ नेताको नाम घोषणा गरेको छ।

मुल्ला फजुल्लाह जुन १३ मा अमेरिकी ड्रोनले प्रहार गरिएको क्षेप्यास्त्र आक्रमणमा मारिएको तालिवानले जनाएको छ। अफगानिस्तान र पाकिस्तानका अधिकारीले मुल्ला फजुल्लाहको मृत्यु भएको दाबी गरेका थिए। शनिबार जारी एक विज्ञप्तिमा अब तालिवानले पनि उनको मृत्युको पुष्टि गरेको उल्लेख गरिएको छ। विज्ञप्तिमा तालिवानका नेताको परिषद्ले मुफ्ती नुर वली महसुदलाई तहरिक ए तालिवान पाकिस्तानका अमिर र मुफ्ती मजाहम अल मारुफ मुफ्ती हिफुजुल्लाहलाई नायब अमिर नियुक्त गरेको हो।

नुर वली महसुदलाई गतवर्ष खालिद सजनाको मृत्युपछि महसुद क्षेत्रका लडाकूको नेता नियुक्त गरिएको थियो। मुफ्ती नुर वली पूर्वनेता बैतुल्लाह महसुदका निकट मित्र थिए र यसअघि पनि उनले तालिवान समूहमा महत्त्वपूर्ण जिम्मेवारी सम्हालिसकेका छन्। ४० वर्षीय मुफ्ती नुर वलीले तालिवानको इतिहासमा एक किताब पनि लेखेका छन्। उक्त किताबबाट कैयौं महत्त्वपूर्ण जानकारी सार्वजनिक भएको थियो। उनले तालिवानलाई पैसा कहाँबाट आउँछ भन्ने विषयमा खुलासा गरेका थिए।

पाकिस्तानी गुप्तचर एजेन्सीका अनुसार जुन १३ मा मुल्ला फजुल्लाह कुनार प्रान्तमा गरिएको एक आक्रमणमा मारिएका थिए। आक्रमणको समयमा मुल्ला फजुल्लाह इफ्तार पार्टीमा गएका थिय। राति करिब ११ बजे आफ्नो गाडीमा बसेपछि उनीमाथि ड्रोन हमला भएको थियो। उक्त हमलामा ५ जनाको मृत्यु भएको वा नराम्रोसँग जलेका थिए। उनलाई अर्को दिन त्यहीं गाडिएको थियो।

मुफ्ती नुर वलीको जन्म दक्षिणी वजिरीस्तानको तियारजा इलाकामा भएको थियो। उनले फैसलावाद, गुजरावा र कराँचीमा फरक-फरक मदरसा शिक्षा हासिल गरेका थिए। उत्तरी बजिरिस्तानमा पाकिस्तानी सेनाले कारबाही थाल्दा मुफ्ती नुर वलीले पाकिस्तानी सेनाविरुद्ध लडाइँमा भाग लिएका थिए। मुफ्ती नुर वलीले हालैमात्र ६ सय ९० पृष्ठको किताब 'इन्कलाब महसुव, साउथ बजिरिस्तान- फिरंगी शासनदेखि अमेरिकी साम्राज्यसम्म' नामको एक विवेचनात्मक किताब लेखेका थिए।

उक्त किताबमा पहिलो पटक पाकिस्तानका पूर्वप्रधानमन्त्री बेनजिर भुट्टोमाथि भएको घातक हमला, कराँची र रावलपिन्डीमा भएका हमलाको जिम्मेवारी स्वीकार गरिएको थियो। यस अघिसम्म तालिवान ती हमलामा संलग्नतालाई अस्वीकार गर्दै आएका थिए।

किताबमा सन् २००७ मा दक्षिणी बजिरिस्तानमा भएको हमलामा अपहरण गरिएका कर्मचारी, गाडी र हतियारको बदलामा एक सम्झौताअनुरुप सरकारबाट ६ करोड रुपियाँ पाएको उल्लेख गरिएको छ।

# संयुक्त राष्ट्रसंघको आरोप



काराकास, (एजेन्सी)

संयुक्त राष्ट्रसंघले सार्वजनिक गरेको एउटा नयाँ प्रतिवेदनमा भेनेजुएलाको सुरक्षा फौजले अपराधविरुद्धको सुरक्षा अभियानको नाममा सयौं निर्दोष व्यक्तिको ज्यान लिएको उल्लेख गरेको छ।

संयुक्त राष्ट्रसंघको मानव अधिकार निकायले गरिब बस्तीहरुमा छापा मारी घर-घरमा गएर सुरक्षाकर्मीले युवाहरुलाई गैरकानुनी ढंगले हत्या गरेको आफूसँग विश्वसनीय प्रमाण रहेको दाबी गरेको छ।

संयुक्त राष्ट्रसंघको मानव अधिकार निकायका प्रमुख जेइद राद अल हुस्सेनले भेनेजएलामा कानुनी शासनकै उपस्थिति नरहेको आरोप लगाएका छन्। तर, भेनेजुएला सरकारले भने यस्ता आरोप अस्वीकार गर्दै आएको छ। भेनेजुयलाले अहिले राजनीतिक र आर्थिक समस्या भोगिरहेको छ।

# उत्तर कोरिया अझै खतरनाक : ट्रम्प

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार उत्तर कोरियामाथि लगाइँदै आएको नाकाबन्दी नवीकरण गर्दै उत्तर कोरियाको आणविक हातहतियारको असाधारण खतरा कायमै रहेको दाबी गरेका छन्। १० दिनअघि मात्र ट्रम्पले प्योङयाङबाट कुनै खतरा नभएको उल्लेख गरेका थिए।

उत्तर कोरियाका सर्वोच्च नेता किम जोङ उनसँग सिंगापुरमा भेटवार्ता गरेको भोलिपल्ट अर्थात् १३ जुनमा ट्रम्पले ट्विट गर्दै उत्तर कोरियाबाट कुनै आणविक खतरा नरहेको जानकारी दिएका थिए।

अमेरिका र दक्षिण कोरियाबीचको दुईवटा सैनिक तालिम अभ्यास रद्द गरिएपछि ट्रम्पको यो पछिल्लो प्रतिक्रिया सार्वजनिक भएको हो। अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले कूटनीतिक वार्तालाई बढी प्राथमिकता दिने आफ्नो लक्ष रहेको बताएको थियो।

केही दिनअघि मात्र आगामी अगस्टमा आयोजना हुने भनिएको अमेरिका र दक्षिण कोरियाबीचको संयुक्त सैनिक अभ्यास रोक्ने निर्णय भएको थियो। ट्रम्पले सिंगापुर वार्ताका दौरान किमलाई अप्रत्यासितरूपमा सो वार्षिक सैनिक अभ्यास रोक्ने वचन दिएका थिए। उत्तर कोरियाले विगतमा यस अभ्यासलाई आफूविरुद्धको आक्रमणको तयारीका रूपमा लिने गरेको थियो। सिंगापुरमा किमले पनि सो अभ्यास निहुँ खोज्ने खालको र निकै खर्चिलो भएको प्रतिक्रिया दिएका थिए।

यसैबीच किम र ट्रम्पबीचको ऐतिहासिक शिखर वार्ता आयोजना गर्ने सिंगापुरले १ करोड २० लाख अमेरिकी डलर खर्च भएको जनाएको छ।

